# मन्त्रीहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन,२०७४

(मिति २०७७ साल कार्तिक मसान्तसम्म भएका संशोधनहरु समेत मिलाइएको)

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

गण्डकी प्रदेश, पोखरा ।

# मन्त्रीहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन,२०७४

प्रमाणीकरण र प्रकाशन मिति

२०७५।०१।२४

संशोधन गर्ने ऐन

१.केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको ऐन, २०७५ २०७५।०६।०४

२०७५ सालको ऐन नं ४

**मुख्यमन्त्री तथा मन्त्रीहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः** प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरुले पाउने पारिश्रमिक तथा सुविधाका सम्बन्धमा कानूनी व्यवस्था गर्न बाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "मन्त्रीहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "मन्त्री" भन्नाले प्रदेश सरकारको मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्री समेत सम्झनु पर्छ ।

(ख) "मन्त्रिपरिषद्" भन्नाले प्रदेश सरकारको मन्त्रिपरिषद् सम्झनु पर्छ ।

(ग) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकिए बमोजिमका विषय सम्झनु पर्छ ।

३. **पारिश्रमिकः** (१) मन्त्रीहरुले अनुसूची-१ मा उल्लेख भए बमोजिमको पारिश्रमिक पाउनेछन् ।

तर चरम आर्थिक विश्रृंखलता वा प्राकृतिक विपद वा महामारीको कारणले गम्भीर सङ्कट उत्पन्न भई सङ्कटकाल घोषणा भएमा वा सङ्घीय शासन लागु भएको कारणबाट प्रदेश कार्यकारिणी कायम नरहेमा यो व्यवस्था लागु हुने छैन ।

(२) कुनै मन्त्रीको पदमा बहाल रहेकै अवस्थामा मृत्यु भई वा निजले दिएको राजीनामा स्वीकृत भई वा मन्त्रिपरिषद् विघटन भई वा अन्य कुनै तबरबाट निज मन्त्री पदमा कायम नरहेमा निजलाई मन्त्री पद कायम रहेको दिनसम्म पारिश्रमिक दिइनेछ ।

(३) मन्त्रीले दफा (२) बमोजिम पाउने पारिश्रमिक अवस्था अनुसार निजलाई वा निजले इच्छ्याएको व्यक्तिलाई दिइनेछ । मन्त्रीको मृत्यु भएमा निजले कसैलाई इच्छ्याएको रहेनछ वा इच्छ्याएको व्यक्ति जीवित रहेनछ भने त्यस्तो पारिश्रमिक रकम निजको नजिकको हकवालालाई दिइनेछ ।

४. **आवास सुविधाः** (१) मन्त्रीलाई आवासको निमित्त प्रदेश सरकारबाट सम्भव भएसम्म सरकारी आवासको बन्दोवस्त गरिनेछ । त्यस्तो बन्दोवस्त नभएसम्म वा पोखरा उपत्यकामा आफ्नो घर

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

नभएका मन्त्रीलाई घरभाडा वापत अनुसूची-१ बमोजिमको रकम प्रदेश सरकारले उपलब्ध गराउनेछ ।

(२) यस दफा बमोजिमको सुविधा मन्त्रीले आफ्नो कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म पाउनेछन् ।

५. **सञ्चार सुविधा**ः मन्त्रीले आवासको लागि टेलिफोन, इन्टरनेट, पत्रपत्रिका जस्ता सञ्चार सुविधा अनुसूची-१ बमोजिम पाउनेछन् ।

६. **सवारी तथा इन्धन सुविधा**ः (१) प्रत्येक मन्त्रीलाई सवारीको निमित्त सवारी साधन एक र अनुसूची-१ बमोजिमको इन्धन सुविधा दिइनेछ ।

(२) यस दफा बमोजिमको सुविधा मन्त्रीले आफ्नो कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म पाउनेछन् ।

७. **दैनिक तथा भ्रमण भत्ता**ः मन्त्रीहरुलाई सरकारी कामको सिलसिलामा नेपालभित्र वा प्रदेश सरकारको वा प्रदेश सरकारको तर्फबाट विभिन्न समारोह, उत्सव, सम्मेलन आदिमा भाग लिन नेपाल बाहिर भ्रमण गर्दा अनुसूची-२ मा उल्लेख भए बमोजिमको दैनिक भत्ता पाउनेछन् ।

८. **उपचारको सुविधा**ः मन्त्रीलाई उपचारको निमित्त प्रदेश सरकारले स्वास्थ्य बिमाको लागि ♠ प्रिमियम वापत वार्षिक दश हजारसम्म वा बिल रकम मध्ये जुन घटी हुन्छ सो वापतको रकम उपलब्ध गराउनेछ।

९. **चाडपर्व खर्च**ः मन्त्रीले आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाइने चाडपर्वको लागि आफूले खाईपाई आएको एक महिनाको पारिश्रमिक बराबरको रकम प्रत्येक आर्थिक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछन् ।

१०. **अतिथि सत्कार तथा भैपरी खर्च**ः (१) मन्त्रीहरुलाई अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम अतिथि सत्कार तथा भैपरी खर्च बापत दिइनेछ ।

(२) उपदफा (१) बमोजिमको खर्चको विल भरपाई पेश गर्नु पर्ने छैन ।

११. **निजी सचिवालयको व्यवस्था**ः मन्त्रीहरुको निजी सचिवालयमा अनुसूची-३ मा उल्लिखित कर्मचारी रहनेछन् ।

१२. **विज्ञ सम्बन्धी व्यवस्था**ः (१) मन्त्रिपरिषद्ले मन्त्रीको काममा सहयोग पुर्याउन आवश्यकता र औचित्यको आधारमा निश्चित अवधिका लागि विषयगत विज्ञ नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त विज्ञको संख्या र त्यस्तो विज्ञले पाउने मासिक पारिश्रमिक तथा सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

(३) मन्त्रीले विज्ञ तथा स्वकीय सचिव लगायतका कर्मचारी नियुक्ती गर्दा स्थायी आवासिय अनुमति (डि.भी. पिआर वा ग्रीन कार्ड) लिएको वा सोका लागि आवेदन दिएको र सम्बन्धित पदका लागि अवश्यक शैक्षिक योग्यता नभएका व्यक्तिलाई नियुक्त गर्न पाईनेछैन् ।

१३. **सुरक्षाको व्यवस्था**ः मन्त्रीहरुलाई आवश्यक पर्ने सुरक्षाको व्यवस्था नेपाल सरकारबाट तोकिए बमोजिम हुनेछ ।

---

♠ केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको ऐन, २०७५ द्वारा संशोधित।

१४. **<u>सुविधाको प्रारम्भ</u>**: मन्त्रीले सपथ लिई पदभार ग्रहण गरेको मितिदेखि यस ऐन बमोजिमको पारिश्रमिक र अन्य सुविधा पाउनेछ ।

१४क. **<u>सुविधाको दुरुपयोग गर्न नहुने</u>**: यस ऐन बमोजिमका सुविधाहरु सम्बन्धित मन्त्री स्वयंले मात्र उपयोग गर्न पाउने छन् । सम्बन्धित मन्त्रीले सुविधाको दुरुपयोग गरेमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

**<u>स्पष्टीकरण</u>**: यस दफाको प्रयोजनको लागि सुविधाको दुरुपयोग भन्नाले माथि दफा दफामा तोकिए भन्दा बढी सुविधा लिने, अन्य व्यक्तिलाई सुविधा दिलाइदिने, योग्यता नपुगेको व्यक्तिलाई नियुक्ति दिने, गलत व्यक्ति वा कागजात खडा गरी सुविधा लिने, सरकारी धनमालको हानिनोक्सानी पुर्याउने लगायतका कार्यलाई बुझाउनेछ ।

१५. **<u>अनुसूचीमा हेरफेर</u>**: प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

१६. **<u>बचाउ</u>**: यो ऐन प्रारम्भ हुनुभन्दा अघि प्रदेश मन्त्रिपरिषद्को निर्णय बमोजिम प्रदेश सरकारका मन्त्रीहरुले पाएको सुविधा यस ऐनमा व्यवस्था भएको हदसम्म यसै ऐन बमोजिम भएको मानिनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

# अनुसूची-१

(दफा ३, ४, ५, ६ र ७ सँग सम्बन्धित)

**<u>मन्त्रीले पाउने सुविधा</u>**

| क.सं. | सुविधाको किसिम | इकाई दर | मुख्यमन्त्री | मन्त्री | राज्य मन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|---|
| ⌘१. | पारिश्रमिक | प्रति महिना रु. | ७०,७३० | ६०,३२० | ५६,८४० | ५४,५२० |
| २. | आवास सुविधा * | प्रति महिना रु. | आवास दिने | आवास दिने | आवास दिने | आवास दिने |
| ३. | निजी आवासमा बस्नेलाई घर मर्मत खर्च | एकमुष्ठ | - | १,५०,००० | १,२५,००० | १,२५,००० |
| ४. | फर्निचर (सरकारले व्यवस्था नगरेमा) एकमुष्ठ | एक मुष्ठ | - | १,००,००० | १,००,००० | १,००,००० |
| ५. | सवारी इन्धन | प्रति महिना लिटर | २५० | १५० | १२५ | १२५ |
| ६. | मोविल | त्रैमासिक लिटर | १० | ५ | ५ | ५ |
| ७. | यातायात सुविधा | प्रतिदिन रु. | सवारी साधन | सवारी साधन | सवारी साधन | सवारी साधन |
| ८. | सञ्चार सुविधा (टेलिफोन, इन्टरनेट र पत्रपत्रिका) | प्रति महिना रु. | ५,००० | २,००० | २,००० | २,००० |
| ९. | अतिथि सत्कार | प्रति महिना रु. | ४०,००० | १५,००० | १०,००० | १०,००० |
| १०. | विजुली, धारा | प्रति महिना रु | विल अनुसार | विल अनुसार | २,००० | २,००० |

**नोट :-** *१. *मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीलाई आवासको बन्दोबस्त नभएसम्म सो बापत मासिक रु. २५,०००।— उपलब्ध गराइनेछ ।*

---

⌘ मन्त्रिपरिषद्को मिति २०७७।०५।१७ को निर्णयबाट संशोधित ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

अनुसूची-२

(दफा १० सँग सम्बन्धित)

**मन्त्रीले पाउने दैनिक भत्ता तथा बिमाको सुविधा**

| क्र.सं. | विवरण | मुख्यमन्त्री | मन्त्री | राज्य मन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|
| १. | स्वदेश भ्रमण गर्दा पाउने दैनिक भत्ता दर | ३,००० | २,५०० | २,५०० | २,५०० |
| २. | विदेश भ्रमण गर्दाको दैनिक भत्ता (प्रति दिन अमेरिकी डलरमा) | २५० | १७५ | १५० | १५० |
| ३. | यात्रा बिमा (प्रति भ्रमण रु.) बिमाङ्कको लागि लाग्ने बिमा शुल्क | १०,००,००० | १०,००,००० | १०,००,००० | १०,००,००० |

***द्रष्टव्य*** :१. विदेश भ्रमण गर्दा भारतको चेन्नाई, हैदराबाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकाता र बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात बिताउनु पर्दा माथि उल्लेखित दरको पचास प्रतिशत रकम मात्र दिइनेछ । अन्य देशको हकमा माथिको दररेट अनुसार नै हुनेछ ।

२. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट दैनिक भत्ता वापतको रकम उपलब्ध गराइएको अवस्थामा उल्लेखित दैनिक भत्ता बापतको रकम उपलब्ध गराइने छैन ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

अनुसूची-३

♠(दफा ११ सँग सम्बन्धित)

**मन्त्रीको निजी सचिवालयमा रहने कर्मचारी**

| क्र.सं. | कर्मचारी | मुख्यमन्त्री | मन्त्री | राज्य मन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|
| १. | स्वकीय सचिव (रा.प.द्धितीय) | १ | ० | ० | ० |
| २. | स्वकीय सचिव (शाखा अधिकृत) | १ | १ | १ | १ |
| ++२क. | स्वकीय सचिव (ना. सु. वा सो सरह) | १ | १ | १ | १ |
| ३. | कार्यालय सहयोगी | २ | १ | १ | १ |

*द्रष्टव्य :*

१. स्वकीय सचिवालयका कर्मचारीहरुले सुरु स्केल अनुसारको तलबमात्र पाउनेछन् ।✚ नियुक्ती भएको छ महिना पुगेपछि वर्षको एकपटक सुरु स्केलको एक महिनाको तलब बराबरले हुन आउने रकम चाडपर्व वापत पाउनेछन्।

२. स्वकीय सचिवालयका कर्मचारीहरुले यस ऐन बमोजिम प्राप्त गर्ने पारिश्रमिक निजहरुको बैंक खातामा उपलब्ध गराइनेछ ।

३. मुख्यमन्त्रीको हकमा सुरक्षा प्रयोजनको लागि थप १ सवारी साधन उपलब्ध गराइनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

♠ मन्त्रिपरिषद्को मिति २०७६/३/२५ को निर्णयबाट संशोधित।

++ मन्त्रिपरिषद्को मिति २०७६/३/२५ को निर्णयबाट थपिएको।

✚ मन्त्रिपरिषद्को मिति २०७५/८/१९ को निर्णयबाट थपिएको।